नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरवार

## सिलवन्दी दरभाउ-पत्र आह्वान गरिएको सूचना

## सूचना प्रकाशन मिति २०८२/०९/०९

यस मन्त्रालयको चालु आ.व. २०८२/८३ को अवधिको लागि आवश्यक स्टेशनरी तथा छपाई सम्बन्धी सामाग्री खरिद गर्न १५ दिन अवधि रहेको सिलवन्दी दरभाउ-पत्र आह्वान गरिएको छ। विस्तृत सूचना यस मन्त्रालयको सूचना पाटीमा टाँस गरिएको र वेबसाइट (https://www.moljpa.gov.np) मा राखिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ।

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरवार

## स्टेशनरी तथा छपाई सम्वन्धी सामाग्री खरिद सम्वन्धी सिलवन्दी दरभाउ-पत्र आह्वान गरिएको सूचना (विस्तृतमा)

मिति २०८२/०९/०९ गते गोरखापत्र दैनिकमा प्रकाशित सूचना अनुसार यस मन्त्रालयलाई चालु आ.ब.२०८२/८३ को लागि आवश्यक स्टेनरी तथा छपाई सम्बन्धी सामाग्रीहरु खरिद गर्नु पर्ने भएकोले इच्छुक इजाजत प्राप्त फर्म/कम्पनीहरुले देहायबमोजिमको शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलवन्दी दरभाउ-पत्र पेश गर्नु हुन जानकारी गराईन्छ ।

तपसिल

१. दरभाउ पत्र खरिद सम्वन्धमाः- गोरखापत्र दैनिकमा सूचना प्रकाशन मिति २०८२/०९/०९ देखी १५औं दिन कार्यालय समय भित्र इच्छुक फर्म/कम्पनीले फर्म दर्ता/नविकरण भएको ईजाजत प्रमाण-पत्र,कर दर्ता/नविकरण भएको प्रमाण-पत्रहरुको प्रतिलिपी संलग्न राखि लिखित निवेदन पेश गरी यस मन्त्रालयको आर्थिक प्रशासन शाखावाट रु.१०००.०० नगदै तिरी खरिद गर्न सक्नेछ ।

२. दरभाउ पत्र दर्ता सम्वन्धमाः- मन्त्रालयवाट खरिद गरेको दरभाउ-पत्र रितपूर्वक प्रति ईकाई सकार मूल्य भरी सिलवन्दी खाममा वाहिर यस मन्त्रालयलाई सम्वोधन गरी आ.व.२०८२/८३ को स्टेशनरी तथा छपाई सम्वन्धी सामाग्री खरिद सम्वन्धी सिलवन्दी दरभाउ-पत्र भनि प्रष्ट रुपमा उल्लेख गरि १६ औं दिनको १२.०० वजे सम्म (जुन फर्मको नाममा खरिद भएको हो सोही फर्मले) दर्ता गर्नु पर्नेछ ।

३. जमानत सम्वन्धमाः- जमानत वापत यस मन्त्रालयको कार्यालयकोड नं.३११००३५०१ बाट कोष तथा लेखा नियन्त्रयक कार्यालय सिंहदरवारको नाममा राष्ट्रिय वाणिज्य वैंक सिंहदरवार शाखामा रहेको धरौटी खाता नं.१९६०१००१०२०३०००० मा रु.४७०००.०० नगदै जम्मा गरेको सक्कल वैंक भौचर वा सो वरावर मान्यता प्राप्त गरेको बाणिज्य बैकहरुवाट यस मन्त्रालयको नाममा कम्तीमा ९० दिनको म्याद भई जारी भएको बैंक जमानत पत्र संलग्न हुनु पर्नेछ ।

४. दरभाउ पत्रको ग्राह्यताको आधार प्रमाणित गर्ने कागजातहरु संलग्न हुनु पर्नेः- I. फर्म दर्ता/नविकरण प्रमाण पत्र II. स्थायी लेखा नम्वर दर्ता/नविकरण तथा आ.व. २०८१/८२ को कर चुक्ता प्रमाण-पत्र (प्रकृयामा रहे म्याद थपको कागज ) III. फर्म कम्पनीको आधिकारिक दस्तखत गर्न पाउने अधिकार पत्र ।IV. खरिद कारवाहीमा अयोग्य नभएको वा कालो सूचिमा नपरेको स्वघोषणा (दरभाउ पत्र साथ संलग्न रहेको )

५. सार्वजनिक विदा परेमाः- दरभाउ-पत्र खरिद र दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा सो सम्वन्धी कार्य भोलिपल्ट कार्यालय खुलेको दिन निर्धारित समय र स्थानमा हुनेछ । यस्तो अवस्थामा दरभाउपत्र जमानत र मान्य अवधिको गणना साविककै मितिबाट गरिनेछ ।

६. यो सूचनामा माग भएको कागजात संलग्न नभएको, विभिन्न शर्तहरु उल्लेख गरेको, दरभाउ-पत्र सम्वन्धी कागजातमा उल्लेख गर्नु पर्ने विवरणहरु उल्लेख नगरेको र सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार रीत नपुगी आएको दरभाउ-पत्र उपर कुनै कारवाही गरिने छैन ।

७. प्रस्तावित दर उल्लेख गर्दा अंक र अक्षरमा उल्लेख प्रष्टसंग गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेखित दर मान्य हुनेछ ।

८. निर्धारित समय सम्म दर्ता भएको दरभाउ-पत्र १६ औं दिन दिउँसो १:०० वजे यस मन्त्रालयमा खोलिने छ । सो समयमा दरभाउ-पत्र दाता वा निजको प्रतिनिधी उपस्थित हुनु होला । उपस्थित नभए पनि दरभाउ-पत्र खोल्न वाधा पर्ने छैन ।

९. दरभाउ-पत्रमा उल्लेखित सामाग्रीहरु सामान्यतया २०८३ असार मसान्त सम्म मन्त्रालयको आवश्यकता र वजेटको परिधिभित्र रही एकै पटक वा पटक पटक खरिद आदेशको माध्यमवाट खरिद गरिनेछ। उक्त तरिका अनुसार सामान समयमै सप्लाई गर्नु पर्नेछ । समयमै उपलब्ध गराउन नसकेमा कार्य सम्पादन जमानतबाट समेत व्यवस्थापन गरिनेछ । दरभाउ पत्रमा उल्लेख भएका सामान मन्त्रालयको आवश्यकता अनुसार कुनै आवश्यक नपरेमा/कम आवश्यक परे/वढी आवश्यक परे स्वीकृत भएकै दरमा वढीको हकमा ५० प्रतिशत सम्म उपलब्ध गराउनु पर्नेछ। आवश्यक नपरेको/कम आवश्यक परेको हकमा जती आवश्यक हुने हो त्यती मात्र खरिद गर्न सक्नेछ।

१०. दरभाउ-पत्रमा उल्लेख भएको सामान आपूर्ती गर्दा मन्त्रलयको भण्डार शाखा सम्म सकार गरेको दरमा दरभाउ-पत्र दाताले नै उपलब्ध गराउनु पर्नेछ । ढुवानी, विमा लगायत कुनै प्रकारका थप दायित्व मन्त्रालयले व्यहोर्ने छैन ।

११. दरभाउ-पत्र सम्वन्धी कागजातमा उल्लेख भएको व्यहोरा वाहेकको व्यवस्थाहरुको हकमा नेपालको प्रचलित कानून अनुसार हुनेछ । यस सम्वन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस मन्त्रालयको आन्तरिक व्यवस्थापन शाखा/आर्थिक प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ ।

कामको विवरण

| सि.नं. | दरभाउ पत्र नं. | कार्य विवरण | लागत अनुमान मू अ कर सहित | जमानत रकम रु. |
|---|---|---|---|---|
| १ | MOLJPA-NCB-01/2082/83 | स्टेशनरी तथा छपाई सम्वन्धी सामान खरिद | १८,६५,९४२.१६ | ४७०००.०० |